# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, पुस ६ गते २०५५ साल (अतिरिक्ताङ्क ६०

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीको पदबाट चढाउनु भएको राजीनामा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम स्वीकृत गरिबक्सेको छ ।

साथै मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६ को उपधारा (७) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म वर्तमान मन्त्रिपरिषद्‌लाई कार्य सञ्चालन गरिरहन तोकिबक्सेको छ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीको पदबाट चढाउनु भएको राजीनामा स्वीकृत गरिबक्सेको र प्रतिनिधि सभामा कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त गरेको अवस्था नभएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२ को उपधारा (१) बमोजिम प्रतिनिधि सभाका सदस्यहरूको बहुमतको समर्थन र विश्वास प्राप्त गरेको स्पष्टहुने गरी २०५५ साल पुस ८ गते साँझ १७.०० बजेभित्र जाहेर गर्न प्रतिनिधि सभाका सदस्यलाई आव्हान गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1008